1:4:7

# बालकुमारी कलेज
# नरायणगढ, चितवन

# छात्रवृत्ति सम्बन्धी नियमावली
# २०८१

बालकुमारी कलेज व्यवस्थापन समितिले पारित गरेको मितिः २०८१।०५।....

बालकुमारी कलेज २०४३

J.S.Khanal

प्रिन्सिपल

बालकुमारी कलेज व्यस्थापन समितिले पारित गरेको मिति: २०८१।०५।....

# बालकुमारी कलेज
## नरायणगढ, चितवन
## छात्रवृत्ति सम्बन्धी नियमावली, २०८१

बालकुमारी कलेजबाट दिंदै आएको छात्रवृत्तिलाई व्यवस्थित र सँस्थागत गर्न आवश्यक भएकोले बालकुमारी कलेज छात्रवृत्ति सम्बन्धी नियमावली २०८१ बनाइएको छ ।

१. सँक्षिप्त नाम र प्रारम्भ:

(क) यस नियमको नाम बालकुमारी कलेज छात्रवृत्तिसम्बन्धी नियम, २०८१ रहेको छ ।

(ख) यो नियम बालकुमारी कलेज व्यवस्थापन समितिबाट पारित भएको मितिबाट लागू हुनेछ ।

२. परिभाषा:

(१) विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियममा:

(क) कलेज भन्नाले बालकुमारी कलेजलाई सम्फनुपर्छ ।

(ख) समिति भन्नाले छात्रवृत्ति छनौट समितिलाई सम्फनुपर्दछ ।

(ग) छात्रवृत्ति भन्नाले विद्यार्थीहरूलाई दिइने छात्रवृत्तिलाई सम्फनुपर्दछ ।

(घ) सार्वजनिक विद्यालय भन्नाले नेपाल सरकारको अनुदानमा वा समुदायको आर्थिक सहयोगमा सञ्चालन भएका विद्यालयलाई बुभ्नुपर्दछ । यसले समुदायलाई हस्तान्तरण गरेको सरकारी विद्यालयलाई समेत जनाउनेछ ।

(ङ.) शैक्षिक संस्था भन्नाले विश्वविद्यालयका आङ्गिक कलेजहरु/स्कूलहरू र सम्बन्धन प्राप्त कलेजहरूलाई संफनुपर्दछ ।

(च) जनआन्दोलन घाइते पिडित भन्नाले जनआन्दोलन २०४६, जनआन्दोलन २०६२/६३ र जनयुद्ध एवम द्वन्दबाट पीडित भई घाइते भई स्थायी रूपमा अपाङ्ग भएकाहरू र तिनका छोराछोरीलाई सम्फनुपर्दछ ।

(छ) शिक्षक र कर्मचारी भन्नाले बालकुमारी कलेजमा कार्यरत स्थायी कर्मचारी तथा शिक्षकहरूलाई सम्फनु पर्नेछ ।

३. उद्देश्य: यो नियमको उद्देश्य बालकुमारी कलेजबाट प्रदान गर्ने छात्रवृत्तिलाई व्यवस्थित र संस्थागत गर्नु हुनेछ ।

४. छात्रवृत्तिको प्रकार: (१) बालकुमारी कलेजले निम्न प्रकारका छात्रवृत्ति उपलब्ध गराउनेछ:

(क) योग्यतामा आधाारित: (Merit Based) Excellent Academic Result, Research Achievement Artistics Achievement, Atheltic Achievement)

(ख) योग्यता तथा आवश्यकतामा आधारित (Merit Cum Means)

(१) अन्तराष्ट्रिय विद्यार्थी,
(२) दलित,
(३) जनजाति,
(४) दुर्गम,
(५) अपाङ्ग, शहीद तथा जनआन्दोलन घाइते पीडित,
(६) शिक्षक कर्मचारी सन्तति ।
(७) मधेशी समुदाय
(८) गरिब

(५) छात्रबृत्तिमा अध्ययन गर्ने विद्यार्थीले सम्बन्धित विषयका पाठ्यक्रममा तोकिए अनुसार प्रयोगात्मक अभ्यास तथा स्थलगत निरीक्षणका लागि लाग्ने अन्य खर्चहरु विद्यार्थीहरु स्वयंले व्यहोर्नुपर्ने छ ।

(६) प्रत्येक सेमेष्टर अन्तर्गत कार्यक्रमका तीन जना (प्रथम, दोश्रो र तेश्रो ) व्यक्तिलाई सम्बन्धित निकाय प्रमुखले अघिल्लो सेमेष्टरको परीक्षाको नतिजाको आधारमा जेहन्दार छात्रवृत्ति प्रदान गर्नेछ । समान अंक ल्याउने विद्यार्थी एक

K बा ल कु मा री कलेज २०४३

J.S.Khanal

प्रिन्सिपल

भन्दा बढी भएमा दामासाहीले यो छात्रवृत्ति प्रदान गरिनेछ । कुनै पनि छात्रवृत्ति पाइसकेका विद्यार्थीले जेहन्दार छात्रवृत्ति पाउने भएमा यो छात्रवृत्ति कसैलाई पनि प्रदान गरिने छैन ।

(७) कलेजमा सञ्चालित कार्यक्रमहरूमा शिक्षक कर्मचारीको २ जनासम्म छोराछोरीलाई कलेजले छात्रवृत्ति उपलब्ध गराउनेछ । यस अनुसारको छात्रवृत्ति निम्न प्रक्रिया पुरा गरेर प्रदान गरिनेछः

(क) कलेजको साधारण कार्यक्रम (BBS/B.Ed & B.Sc) को हकमा कलेजले संचालन गरेको प्रवेश परीक्षामा उत्तीर्ण भई भर्ना भएका शिक्षक कर्मचारीहरूको छोराछोरीलाई छात्रवृत्ति समितिले छात्रवृत्ति प्रदान गर्नेछ ।

(ख) कलेजको अन्य कार्यक्रम अन्तर्गत (MBS/ MBA-FM/BBA/BIM/BHM & M.Ed) कार्यक्रममा एक सिट शिक्षक कर्मचारी सन्तति छात्रवृत्तिको लागि छुट्याइनेछ ।

ग) शिक्षक कर्मचारी सन्तति छात्रवृत्तिको लागि छात्रवृत्ति छनौट परीक्षा उत्तीर्ण गरी योग्यताक्रम अनुसार शिक्षक कर्मचारीहरूका छोराछोरीहरूमध्येबाट हरेक कार्यक्रमको लागि शिक्षक कर्मचारी सन्तति छात्रवृत्तिको लागि छानिनेछ ।

(घ) यो छात्रवृत्ति शिक्षक कर्मचारीहरूका छोराछोरी वाहेक अन्य नाताले पाउने छैन ।

**बालकुमारी कलेजमा दिइने उत्कृष्ट, गरिव, गरिब तथा जेहेन्दार छात्रवृत्तिको मूल्यांकनमा नम्वर दिइने आधारहरु :**

| **१. आन्तरिक मूल्याङ्कनको नम्वर दिइने आधारहरु :-** | **पूर्णाङ्क २०** |
|---|---|
| (क) टपरलाई | २०. |
| (ख) डिष्टिङ्सन | १९ |
| (ग) प्रथम श्रेणी | १८ |
| (घ) द्वितीय श्रेणी | १५ |
| (ङ) तृतीय श्रेणी | १२ |
| (च) सबै परीक्षामा सम्मिलित हुने | ०९ |
| (छ) आन्तरिक परीक्षा दिनेलाई उत्तीर्ण भएको प्रति विषयको २ नं.र अनुत्तीर्ण भएको प्रति विषय | ०१ |

| **२. अघिल्लो वार्षिक परीक्षको नम्वर दिइने आधारहरु:-** | **पूर्णाङ्क २०** |
|---|---|
| (क) तह टप गर्नेलाई | २० |
| (ख) विशिष्ट श्रेणी (डिष्टिङ्सन) | १९ |
| (ग) प्रथम श्रेणी | १८ |
| (घ) द्वितीय श्रेणी | १५ |
| (ङ) तृतीय श्रेणी | १२ |

| **३. विकट क्षेत्रको नम्वर दिइने आधारहरु :-** | **पूर्णाङ्क १0** |
|---|---|
| (क) रोल्पा,डोल्पा, कालीकोट, रुकुम, डडेलधुरा | १0 |
| (ख) मनाङ्ग, मुस्ताङ्ग, गोरखा, वर्दिया, कन्चनपुर, बाँके,झापा | ०८ |
| (ग) तनहुँ, लम्जुङ्ग, पर्वत, स्याङ्जा पाल्पा, बाग्लुङ्ग, प्युठान, कास्की, गुल्मी, कपिलवस्तु , सिन्धुली | ०७ |
| (घ) दारेचोक, कपिलास, चण्डीभञ्ज्याङ्ग, कोराक, बारा, धादिङ्ग पर्सा, रौतहट, सर्लाही, सुनसरी | ०६ |
| (ङ) माडी | ०५ |
| (च) देवघाट, नवलपरासी (दाउन्नेदेखि पारी ) | ०२ |

J.S. Khanal

प्रिन्सिपल

*४. दलितलाई नम्वर दिइने आधारहरु :-* *पूर्णाङ्क १०*

दलितजातिको हकमा उपेक्षित, उत्पीडित र दलितवर्ग उत्थान विकास समितिले दलितवर्गमा राखेका देहायका जातिहरूलाई मानिएको छ :-

| | | | | | |
|---|---|---|---|---|---|
| १.लोहार | २. सुनार | ३. कामी | ४. दमाई | ५. सार्की | ६. बादी |
| ७. गाइने | ८.कसाई | ९. कुसुले | १०. कुचे | ११. च्यामे | १२.पोडे |
| १३. चमार | १४. धोवी | १५. दुसाध | १६. तत्मा | १७. डुम | १८.वाँत |
| १९. खत्वे | २०. मुसहर | २१.सन्थाल | २२. सतार | २३. हलखोर (मेस्तर) | |

*५. जनजातीलाई नम्वर दिइने आधारहरु :-* *पूर्णाङ्क १०*

जनजातिको हकमा आदीवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ को अनुसूचीमा उल्लेखित तपसिल वमोजिमका जातिहरूलाई जनजातिको रूपमा लिइएको छः

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १. किसान | २. कुमाल | ३. कुशवाडिय | ४. कुसुन्डा | ५. गनगाई | ६. गुरूङ्ग | ७. चेपाङ्ग |
| ८. छन्त्याल | ९. छैरोतन | १०.जिरेल | ११. भाँगड | १२. डोल्प | १३.ताङव | १४.ताजपुरिया |
| १५. तामाङ्ग | १६. तीनगाँऊलेथकाली | | १७. तोप्केगोला | १८. थकाली | १९. थामी | २०. थारू |
| २१. थुदाम | २२. दनुवार | २३. दराई | २४. दुरा | २५. धानुक (राजवंशी) | | २६. धिमाल |
| २७. नेवार | २८. पहारी | २९. फी | ३०. वनकारिया | ३१. बरामो | ३२.बाह्रगाउले | ३३.बोटे |
| ३४.भुजेल | ३५. भोटे | ३६. मगर | ३७. माझी | ३८. मार्फालीथकाली | | ३९. मुगाली |
| ४०. मेचे | ४१. याक्खा | ४२.राई | ४३. राउटे | ४४.राजवंशी (कोच) | | ४५. राझी |
| ४६.लार्के | ४७.लिम्बु | ४८.लेप्चा | ४९. ल्होपा | ५०. ल्होमीशिङसावा | | ५१. वालुक्त |
| ५२.व्यासी | ५३. शेर्पा | ५४. सतार (सन्थाल) | | ५५. सियार | ५६.सुनुवार | ५७.सुरेल |
| ५८. हायू | ५९.ह्याल्मो । | | | | | |

## *अन्य नियमहरु :*

१. *सम्बन्धित तहको वार्षिक परीक्षा जस्तै स्नातक (बि.बि.एस., बि.एड. र बी.एस्सी। ) प्रथम, द्धितीय वर्षमा टपर विद्यार्थीहरुलाई निवेदनबाट १२ महिना (मासिक शुल्क) बरावरको छात्रबृत्ति उपलब्ध गराउने ।*

२. *कलेज सम्बन्धित तहमा दोश्रोदेखि पाँचौ स्थानसम्मका विद्यार्थीहरुलाई क्रमशः ५,४,३,२ महिनाको छात्रवृत्ति उपलब्ध गराउने ।*

*माथी उल्लेखित विद्यार्थीहरुलाई कार्यक्रम प्रमुख तथा कक्षा शिक्षक समेतको सहभागीतामा परीक्षा नतिजा प्रकाशित भएको मितिले १५ (पन्ध्र ) दिनभित्रमा छात्रवृत्ति प्रदान गर्ने ।*

३. *हरेक आन्तरिक मूल्यांकन परीक्षामा प्रथम हुने व्यक्तिलाई प्रति आ.मू.प.को लागि एक महिना बरावरको छात्रबृत्ति दिने व्यवस्था गरिएको ।*

४. *शहिद परिवार तथा जनआन्दोलनका घाइते वा घाइतेका परिवारलाई उपलब्ध विवरणका आधारमा छात्रवृत्ति उपलब्ध गराउने ।*

J.S.Khanal

प्रिन्सिपल

५)  छात्रवृत्ति वितरण गर्दा कुनै कारणले छात्रवृत्ति पाउन योग्य विद्यार्थीले छात्रवृत्ति पाउनबाट वञ्चित हुने अवस्था देखापरेमा मनासिप कारण देखिएमा निजको अभिभावकको उपस्थीतीमा सम्बन्धित कार्यक्रम प्रमुखको सहमतिमा अवस्था हेरी ३ महिनसम्मका छात्रवृत्ति उपलब्ध गराउन सकिनेछ

६)  गरिब विद्यार्थी छात्रवृत्तिका लागि बिद्याथर्थीले सम्बन्धित स्थानीय निकायबा सिफारिस पेश गर्नु पर्नेछ ।

७) छात्रवृत्ति छनौट समिति: छात्रवृत्तिको उम्मेदवार छनौट गर्ने कार्यको लागि देहायबमोजिमको छात्रवृत्ति छनौट समिति सञ्चालक समितिलेले गठन गर्नेछ:

(क) सञ्चाालक समिति प्रतिनिधी
(ख) सहायक प्रिन्सिपल
(ग) प्राध्यापक प्रतिनिधी (बरिष्ठ)
(घ) कर्मचारी प्रतिनिधी (बरिष्ठ)
(ङ) सम्बन्धित कार्यक्रमको कार्यक्रम प्रमुख

प्रष्टिकरण :

जुन सुकै तहका छात्रबृत्ति छनौट समितिमा रहेका सदस्यहरुको छोरा-छोरी, दाजु-भाई तथा दिदी-बहिनी तथा एकाघरका अन्य सदस्यहरु छात्रवृत्तिको उम्मेदवार भएमा समितिको त्यस्तो सदस्य सम्बन्धित विषयको छात्रवृत्ति छनौट प्रक्रियामा संलग्न हुनसक्ने छैन ।

८)  छात्रवृत्ति छनौट समितिको काम, कर्तव्य र अधिकार: (१) छात्रवृत्ति छनौट समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ:

(क) छात्रवृत्ति संख्या निर्धारण गर्ने,
(ख) दरखास्त शुल्क निर्धारण गर्न कलेज समक्ष सिफारिस गर्ने,
(ग) छात्रवृत्तिसम्बन्धी सूचना प्रकाशित गर्ने,
(घ) अनलाइनबाट छात्रवृत्तिको दरखास्त वितरण तथा सङ्कलन गर्न लगाउने,
(ङ) छात्रवृत्ति सम्बन्धी आचारसंहिता उल्लङ्घन गर्नेलाई आवश्यक कारवाही गर्ने,
(च) छनौट भएका विद्यार्थीहरुको योग्यताक्रम प्रकाशित गर्ने,
(छ) आवश्यक परेमा विभिन्न उपसमिति गठन गरी आवश्यक कार्य छिटो तथा मर्यादित ढङ्गले सम्पन्न गर्ने गराउने,

९)  सार्वजनिकरूपमा सूचना गर्नुपर्ने : छात्रवृत्ति समितिले छात्रवृत्तिको लागि कम्तिमा पनि १५ दिन अगाडि सार्वजनिक सूचना प्रकाशन गरी अनुसूची (१) बमोजिमको ढाँचामा दरखास्त आव्हान गर्नुपर्नेछ ।

सार्वजनिक सूचना प्रकाशन गर्दा देहायबमोजिमका कुराहरू खुलाउनु पर्नेछ:

(क) छात्रवृत्तिमा सम्मिलित हुनको लागि चाहिने न्यूनतम शैक्षिक योग्यता,
(ख) सुरक्षित गरिएका छात्रवृत्तिको प्रतिशत बमोजिम सुरक्षित गरिएका छात्रवृत्तिको लागि दरखास्त साथ पेश गर्नु पर्ने सिफारिस तथा अन्य कागजातहरूको विवरण,
(घ) दरखास्त दिने स्थान र ढाँचा,
(ङ.) दरखास्त दस्तुर,
(च) परीक्षासम्बन्धी अन्य आवश्यक कुराहरू ।

१०)  छात्रवृत्तिमा निवेदन दिनका लागि आवश्यक न्यूननतम योग्यता: छात्रवृत्तिको दरखास्तको लागि देहायबमोजिम योग्यता र सर्तहरू पुरा भएको हुनुपर्ने छ:

(क) छात्रवृत्तिको लागि नेपाल सरकारको निर्णयानुसार आदिवासी / जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान वा सम्बन्धीत जिल्ला प्रशासन कार्यालयबाट राष्ट्रिय दलित आयोग वा सम्बन्धीत जिल्ला प्रशासन कार्यालयबाट सिफारिस भएअनुसारको जनजाति हुनुपर्ने छ ।

J.S. Khanal

प्रिन्सिपल

११) <u>विद्यार्थीहरुले पेश गर्नुपर्ने आवश्यक कागजातहरू:</u>

सवै प्रकारका छात्रवृत्तिका लागि दरखास्त दिंदा अन्तर्वार्ताको समयमा देहायका कागजातहरू पेश गर्नु पर्नेछ:

(क) नागरिकताको प्रतिलिपि,

(ख) एस.एल.सी वा सो सरहको परीक्षा उत्तीर्ण गरेको प्रामाणपत्र तथा विद्यालयले दिएको चारित्रिक प्रमाणपत्रको प्रतिलिपि,

(ग) प्रमाणपत्र तह वा दश जोड दुईको परीक्षामा प्राप्ताङ्क एकिकृत अभिलेख (Transcript) र सम्बन्धित शैक्षिक संस्थाले दिएको चारित्रिक प्रमाणपत्रको प्रतिलिपि,

(घ) स्नातकोत्तर कार्यक्रमको लागि आवेदन दिनेहरूले खण्ड (क),(ख),(ग) का अतिरिक्त स्नातक तहको सर्टिफिकेटको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

१२) छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरुले निम्न शर्तहरू पालन गर्नु पर्नेछ ।

(क) छात्रवृत्तिको लागि छनौट भई गएपछि सम्बन्धित कार्यक्रम परिवर्तन नगरी तोकिएको शैक्षिक उपाधि हासिल गर्ने,

(ख) बालकुमारी कलेजको प्रतिष्ठामा आँच पुऱ्याउने किसिमको काम गर्न नहुने,

(ग) लामो समयसम्म विरामी भएमा वा अन्य असाधारण घटनाको कारण बाहेक स्नातक तहमा लगातार तीन सेमेष्टरसम्म SGPA २.०० कायम गर्न नसकेमा, स्नातकोत्तर तहमा लगातार दुई सेमेष्टरसम्म (Semester) SGPA 3.०० कायम गर्न नसकेमा, वार्षिक प्रणाली अन्तर्गत पठनपाठन भइरहेको स्नातक तहको कार्यक्रममा लगातार अघिल्लो बर्ष फेल भएमा छात्रवृत्ति स्वत: रद्द हुनेछ । तर त्यस्ता विद्यार्थीहरुले शुल्क तिरी आफ्नो अध्ययन भने जारी राख्न सक्नेछन् । त्यसरी अध्ययन जारी राखे पश्चात पून: न्यूनतम SGPA कायम गरे पनि बाँकी समयको छात्रबृत्ति भने उपलब्ध हुने छैन ।

(घ) एक पटक छनौट भएको व्यक्तिले अध्ययन बीचैमा छाडेमा पुन: त्यस्तो व्यक्तिले बीचैमा छाडेको अध्ययनलाई निरन्तरता दिन र भविष्यमा कलेजको कुनै पनि छात्रवृत्तिको लागि दरखास्त दिन पाउने छैन ।

१३) <u>नियमको ब्याख्या र बाधा फुकाउने अधिकार:</u> यो नियमको व्याख्या र नियम प्रयोग गर्दा परेका बाधाअड्काउ फुकाउने अधिकार कलेजको छात्रवृत्ति समितिलाई हुनेछ ।

J.S.Khanal

प्रिन्सिपल

| कार्यालय प्रयोजनको लागि |
|---|
| दर्ता नं.: |
| मिति : |
| रोल नम्बर : |

अनुसूची १

रसिद नं.

सूचना प्रकाशित मिति:

दुबै कान देखिने हालै खिचेको पासपोर्ट साइजको फोटो टाँसी मुखाकृति नबिग्रने गरी फोटो र फाराममा पर्ने गरी विद्यार्थीले दस्तखत गर्ने

श्रीमान् प्रिन्सिपलज्यू
बालकुमारी कलेज
छात्रवृत्ति समिति, नारायणगढ, चितवन, नेपाल ।

त्यस कलेजबाट प्रदान गरिने तपशिल बमोजिमको छात्रवृत्ति उपलब्ध गराईदिनुहुन दरखास्त साथ पेश गरेको छु ।

## छात्रवृत्ति दरखास्त फाराम

१) नाम, थर (नोटः नाम र थर बीचको एक कोठा खाली छोड्नुहोस् । अंग्रजीमा सबै **Block Letter** मा लेख्नुहोला)

| | |
|---|---|
| नेपालीमा : | |
| अंग्रेजीमा: | |

२) उम्मेदवारको नागरिकता नम्बर: .............. जारी भएको जिल्ला...............जारी भएको मिति ....................

३) लिङ्गः स्त्री ☐ पुरूष ☐ अन्य ☐

४) स्थायी ठेगाना : जिल्ला: .............. गा.पा./न.पा./ म.न.पा./उप.म.न.पा .........................वडा......
टोल/गाउँ.................

५) हालको ठेगाना:- जिल्ला: .............. गा.पा./न.पा./ म.न.पा./उप.म.न.पा .........................वडा......
टोल/गाउँ.................

६) सम्पर्क फोन नं. : ७) मोवाईल नं.

७) बाबुको नाम : आमाको नाम:

८) बाजेको नाम :

९) स्थानीय अभिभावकको नाम: ठेगाना: मोवाईल नं.

१०) आफू एसइइ/एसएलसी कुन विद्यालयबाट उत्तिर्ण भएको हो सरकारी / सामुदायिक / संस्थागत / निजि (बोर्डिङ) कोष्ठमा √ चिन्ह लगाउनुहोस ।

| १०(क) सरकारी / सामुदायिक ☐ | १०(ख) निजि/ संस्थागत (बोर्डिङ) ☐ |
|---|---|
| आरक्षित समूहमा पर्ने भए सोको प्रमाण पत्र राखी कोष्ठमा √ चिन्ह लगाउनुहोस ।<br>क. शहीद ☐ परिवार ख. अपाङ्ग र घाइते ☐<br>ग. जनजाती ☐ घ. दलित ☐<br>ङ. दुर्गम ☐ च. शिक्षक तथा कर्मचारी सन्तति ☐<br>छ. मधेशी समुदाय ज. गरिब ☐ | J.S.Khanal |

प्रिन्सिपल

११. शैक्षिक योग्यता सम्बन्धी विवरण

| उत्तीर्ण गरेको परीक्षा | उत्तीर्ण वोर्ड | शिक्षण संस्थाको ठेगाना | उत्तीर्ण साल | पूर्णाङ्क | प्रप्ताङ्क | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|---|
| SLC/SEE वा सो सरह | | | | | | | |
| PCL वा सो सरह | | | | | | | |
| Bachelor वा सो सरह | | | | | | | |

सम्लग्न गर्नुपर्ने कागजपत्रहरु ( √ ) चिन्ह लगाउने ।

१. आवेदन दस्तुर बुझाएको रसिद

२. नागरिकता प्रमाणपत्रको प्रतिलिपी

३. **SEE/SLC** लव्धाङ्क पत्रको प्रतिलिपी

४. विपन्नताको ( आर्थिक) सिफारिस पत्र

५. नेपाल बाहिरका वोर्ड तथा विश्वविद्यालयबाट उत्तीर्ण गरेको भए समकक्षता निर्धारण भएको प्रतिलिपी

६. शिक्षण संस्थाबाट प्राप्त चारित्रिक प्रमाणपत्रको प्रतिलिपी

७. आरक्षण समूहको प्रमाण पत्रको प्रतिलिप

८. कुनै पनि तहको प्रथम वर्षको छात्रवृत्तिका लागि आवेदन गर्ने हो सो भन्दा अघिल्लो तहको अन्तिम ट्रान्सक्रिप्टको प्रतिलिपी । अन्य वर्षको छात्रवृत्तिका लागि आवेदन गर्ने विद्यार्थीहरुले अघिल्लो वर्षको मार्कसिटको प्रतिलिपी ।

माथी उल्लेखित विवरण र पेश गरिएका कागजातहरु सबै ठीक छन् । झुट्टा ठहरिएमा कानून बमोजिम सजाँय भोग्न तयार छु । साथै रीत नपुगेके निवेदन कुनै पनि समयमा रद्ध गरिएमा कहि कतै गुनासो वा उजुर गर्ने छैन् ।

| दायाँ | वायाँ |
|---|---|
| | |

उम्मेदवारको दस्तखत

मिति:२०.....।......।.....

J.S.Ichanal

प्रिन्सिपल